बैठक संख्या : २४३   मिति : २०७९/०३/३०, बिहीबार   समय : बिहान ११:०० बजे

<u>निर्णय</u>

नीति अनुसन्धान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गर्ने कार्यसूची बमोजिम समितिको आजको बैठकमा नेपाल सरकारको तर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले उक्त विधेयक संसदमा ल्याउनु पर्नाको कारण, आवश्यकता र औचित्यताका सम्बन्धमा सरकारको धारणा राख्नुभयो । त्यसैगरी उक्त विधेयकमाथि संशोधन प्रस्ताव पेश गर्नुहुने माननीय सदस्यहरुले संशोधन पेश गर्नु पर्नाको कारण बारे आ-आफ्ना धारणा राख्नुभयो । बैठकमा संशोधनकर्ता माननीय सदस्यहरुले राख्नुभएको जिज्ञासा एवम् धारणाको सम्बन्धमा माननीय कानूनमन्त्रीले सम्बोधन गर्नुभयो ।